# प्रदेश नं. ७ प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

२०७५

# प्रदेश नं. ७ प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७५

**प्रस्तावना:** प्रदेश नं. ७ प्रदेश सरकारको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर तथा गैर कर लगाउने तथा राजस्व संकलन गर्ने र राजस्व प्रशासन सञ्चालन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश नं. ७, प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "**आर्थिक ऐन, २०७५**" रहेको छ ।

(२) यो ऐन २०७५ साल साउन १ गतेदेखि प्रदेश नं. ७, प्रदेशभर लागू हुनेछ ।

२. **घरजग्गा रजिष्ट्रेशन शुल्कः** (१) प्रदेशभित्र घरजग्गा रजिष्ट्रेशन गर्दा **अनुसूची-१** बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको शुल्कको संकलन घरजग्गा रजिष्ट्रेशन गर्दाका बखत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखतमा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ ।

(४) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम मध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ ।

(५) यस दफा बमोजिम उठाएको रजिष्ट्रेशन शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम गाउँपालिका वा नगरपालिकाले घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पूंजिगत लाभकर असूल गरी नेपाल सरकारले तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

(७) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा सरकारी निकायलाई घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन।

३. **सवारी साधन करः** (१) प्रदेशभित्र सवारी साधन दर्ता र नवीकरणका बखत **अनुसूची-२** बमोजिम सवारी साधन कर लगाई असुल उपर गरिनेछ ।

**स्पष्टीकरण**: यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा उर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारी साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको कर प्रदेश सरकारले तोकेको निकायले संकलन गरी प्रदेश विभाज्य कोष खातामा जम्मा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोष खातामा जम्मा भएको रकमको साठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा



प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

गाउँपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषमा जम्मा गरी सम्बन्धित स्थानीय तहलाई सोको विवरण सहितको जानकारी पठाउनेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँट प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

(५) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाई सराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थान रहेको प्रदेशको कार्यालय वा तोकिएको निकायमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

(६) यो ऐन प्रारम्भ हुनु पूर्व सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ बमोजिम दर्ता भएका सवारी साधनका धनीले २०७५ चैत्र मसान्तसम्म उपदफा (५) बमोजिम सवारी दर्ता गरी कर बुझाई सक्नु पर्नेछ ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ ।

४. <u>मनोरञ्जन कर</u>: (१) प्रदेशभित्र सञ्चालित चलचित्र घर, खेलकुद प्रतियोगिता, फन पार्क, पार्क, स्वीमिङ पूल, डिजिटल तथा एनालग टेलिभिजन, साँस्कृतिक कार्यक्रम, कन्सर्ट, नाटकघर, भिडियो घर, थियटर र मेला महोत्सवमा **अनुसूची-३** बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरन्जन करबाट उठेको रकम र विवरण मनोरन्जन व्यवसाय सञ्चालक वा धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र सम्बन्धित गाउँपालिका वा नगरपालिकामा जम्मा गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जम्मा भएको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) यस दफा बमोजिमको कर प्रशासन गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

(५) कुनै व्यक्ति, संस्था वा निकायले मनोरञ्जन कर छलेको पाइएमा स्थानीय तहको तोकिएको अधिकृतले कर निर्धारण गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कर निर्धारण गर्दा अधिकृतले सम्बन्धित व्यक्ति, संस्था वा निकायलाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(७) उपदफा (२) बमोजिमको म्यादभित्र कर दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशत ब्याज र विवरण दाखिला नगरेमा प्रति विवरण पाँच सय रुपैयाँ असुल उपर गरिनेछ ।

(८) कुनै व्यक्तिले कर छलेमा तोकिएको अधिकृतले उपदफा (५) बमोजिम कर निर्धारण गरेको रकमको पच्चीस प्रतिशत रकम जरिवाना गर्न सक्नेछ ।

(९) उपदफा (२) बमोजिमको मनोरञ्जन कर नबुझाउने व्यक्ति, संस्था वा निकायलाई तोकिएको अधिकृतले त्यस्तो व्यक्ति, संस्था वा निकायद्वारा सञ्चालित कारोबार बन्द गर्न आदेश दिन सक्नेछ ।

(१०) उपदफा (५) बमोजिम गरेको कर निर्धारण वा उपदफा (९) बमोजिम कारोबार बन्द गर्न दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र प्रशासकीय पुनरावलोकनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव समक्ष निवेदन दिन सक्नेछ ।

(११) उपदफा (१०) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवले म्याद गुज्रेको मितिबाट तीस दिन म्याद थप गर्न सक्नेछ ।

(१२) उपदफा (१०) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र त्यस्तो निवेदन उपर आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवले निर्णय गर्नु पर्नेछ ।

(१३) उपदफा (१०) बमोजिम परेको निवेदन उपर छानविन गर्दा त्यस्तो निवेदनको जिकिर उपयुक्त देखिन आएमा स्पष्ट कारण खुलाई पर्चा खडा गरी मनोरञ्जन कर पुनः निर्धारण गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवले आदेश दिन सक्नेछ ।

(१४) उपदफा (१०) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित मनोरञ्जन कर रकममध्ये विवादरहित कर र जरिवाना रकम बुझाई विवादित कर र जरिवाना रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ ।

(१५) उपदफा (१२) बमोजिमको म्यादभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवले निर्णय नगरेमा त्यस्तो म्याद नाघेपछि वा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(१६) उपदफा (१५) बमोजिम पुनरावेदन दिने व्यक्तिले निवेदनको एक प्रति पन्ध्र दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा दर्ता गराउनु पर्नेछ ।

(१७) उपदफा (१०) बमोजिम पुनरावलोकनको निवेदन वा उपदफा (१५) बमोजिम पुनरावेदन दिएको कारणबाट उपदफा (५) र उपदफा (९) मा उल्लेखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन ।

(१८) उपदफा (१) बमोजिमको मनोरञ्जन करको अन्य कार्यविधि आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

५. <u>विज्ञापन करः</u> (१) प्रदेशमा विज्ञापन सामग्री राखे वापत लाग्ने विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउनेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले राखेका विज्ञापन सामग्रीमा विज्ञापन कर लाग्ने छैन।

(३) उपदफा (१) बमोजिम उठेको रकम मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आफ्नो सञ्चित कोषमा जम्मा गरी चालीस प्रतिशतले हुने रकम

मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) विज्ञापन कर असूल सम्बन्धी अन्य व्यवस्था गाउँपालिका वा नगरपालिकाको कानून बमोजिम हुनेछ ।

६. **कृषि आयमा कर:** (१) प्रदेशले आफ्नो क्षेत्र भित्रको कृषि आयमा **अनुसूची–४** बमोजिम कर लगाउनेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रदेश सरकारले तोकेको कार्यालयले संकलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि अर्को व्यवस्था नभएसम्म स्थानीय तहले उपदफा (१) बमोजिमको कर संकलन गरी उठाएको रकमबाट चालिस प्रतिशतले हुने रकम गाउँपालिका वा नगरपालिकाले सम्बन्धित स्थानीय सञ्चित कोषमा राखी साठी प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको कर स्वयं कर विवरणको आधारमा वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र बुझाउनु पर्नेछ ।

(५) कुनै व्यक्ति कृषि आयमा करको दायरामा रहेको तर स्वयं कर विवरण पेश नगरेमा तोकिएको अधिकृतले कर निर्धारण गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कर निर्धारण गर्दा तोकिएको अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(७) उपदफा (४) बमोजिमको म्यादभित्र कर दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशत ब्याज र विवरण दाखिला नगरेमा प्रति विवरण पाँच सय रुपैयाँ असुल उपर गरिनेछ ।

(८) कुनै व्यक्तिले कर छलेमा तोकिएको अधिकृतले उपदफा (५) बमोजिम कर निर्धारण गरेको रकमको दश प्रतिशत रकम जरिवाना गर्न सक्नेछ ।

(९) उपदफा (५) बमोजिम कर निर्धारण गर्न दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र प्रशासकीय पुनरावलोकनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव समक्ष निवेदन दिन सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम निवेदन दिने म्याद गुज्रिन गएमा त्यस्तो म्याद गुज्रेको मितिले सात दिनभित्र म्याद गुज्रिन गएको कारण खोली आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव समक्ष निवेदन दिन सक्नेछ र त्यस्तो निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवले म्याद गुज्रेको मितिबाट तीस दिन म्याद थप गर्न सक्नेछ ।

(११) उपदफा (९) बमोजिम निवेदन परेको मितिले साठी दिनभित्र त्यस्तो निवेदन उपर आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवले निर्णय गर्नु पर्नेछ ।

प्रदेश सभा प्रदेश नं ७, धनगढी कैलाली नेपाल

(१२) उपदफा (९) बमोजिम परेको निवेदन उपर छानविन गर्दा त्यस्तो निवेदनको जिकिर उपयुक्त देखिन आएमा स्पष्ट कारण खुलाई पर्चा खडा गरी पुनः कर निर्धारण गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवले आदेश दिन सक्नेछ ।

(१३) उपदफा (९) बमोजिम निवेदन दिने व्यक्तिले निर्धारित कर रकम मध्ये विवादरहित कर र जरिवाना रकम बुझाई विवादित कर र जरिवाना रकमको एक तिहाई रकम नगद धरौटी राख्नु पर्नेछ ।

(१४) उपदफा (११) बमोजिमको म्यादभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिवले निर्णय नगरेमा त्यस्तो म्याद नाघेपछि वा गरेको निर्णय उपर चित्त नबुझेमा त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित व्यक्तिले राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्नेछ ।

(१५) उपदफा (१४) बमोजिम पुनरावेदन दिने व्यक्तिले त्यसको एक प्रति पन्ध्र दिनभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा दर्ता गराउनु पर्नेछ ।

(१६) उपदफा (९) बमोजिम पुनरावलोकनको निवेदन वा उपदफा (१४) बमोजिम पुनरावेदन दिएको कारणबाट उपदफा (५) मा उल्लेखित निर्णयको कार्यान्वयनमा असर परेको मानिने छैन ।

(१८) उपदफा (१) बमोजिमको करको अन्य कार्यविधि आर्थिक मामिला तथा योजना मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

७. <u>पर्यटन शुल्कः</u> प्रदेशले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत सञ्चालन र सम्भार खर्चलाई आधार मानी **अनुसूची – ५** बमोजिम पर्यटन शुल्क लगाई उठाउन सक्नेछ ।

८. <u>प्राकृतिक श्रोत करः</u> (१) संघीय कानूनले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तरको संकलनमा **अनुसूची–६** बमोजिम कर लगाई असुलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले संकलन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संकलन भएको रकममध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सञ्चित कोषमा राखी बाँकी चालीस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तर संकलन गर्नु अघि प्रचलित संघीय कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले नेपाल सरकारको नीतिको अधीनमा रही वातावरणमा प्रतिकूल असर नपर्ने तथा सर्वसाधारण जनताको हित हुने देखेमा गाउँपालिका वा नगरपालिकालाई

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

त्यस्तो क्षेत्रमा माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन आवश्यक शर्त तोकी वा नतोकी स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृति प्राप्त भएमा गाउँपालिका वा नगरपालिकाले त्यस्तो क्षेत्रमा माटो, ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तर संकलन गर्न गराउन सक्नेछ ।

(७) प्रदेश सरकारले गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा अपनाउनु पर्ने कार्यविधि बनाई जारी गर्नेछ र त्यस्तो कार्यविधि गाउँपालिका वा नगरपालिकाले ढुङ्गा, गिटी, बालुवा र दहत्तर बहत्तर संकलन गर्दा वा गराउँदा पालना गर्नु पर्नेछ।

९. **सेवा शुल्क दस्तुर:** प्रदेशले संविधानको अनुसूची-६, ७ र ९ बमोजिमका क्षेत्र र बिषयमा आफूले पुऱ्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

१०. **प्रदेश विकास शुल्क:** (१) प्रदेश क्षेत्र भित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय र सेवामा दर्ता र नविकरणका बखत अनुसूची-७ बमोजिमको प्रदेश विकास शुल्क लाग्नेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन सम्बन्धित गाँउपालिका वा नगरपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम संकलन गरेको शुल्क मध्ये बीस प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले आफ्नो सञ्चित कोषमा दाखिला गरी असी प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) व्यवसाय नवीकरण गर्न तोकेको अवधी भित्र नविकरण गरी उपदफा (१) बमोजिमको कर नबुझाएमा नविकरणको म्याद नाघेको पहिलो तीन महिनासम्म पन्ध्र प्रतिशत, त्यस पछिको तीन महिनासम्म पच्चीस प्रतिशत र सो भन्दा बढी अवधीको लागि पचास प्रतिशत थप शुल्क लाग्ने छ ।

११. **सवारी साधन कर र घर जग्गा रजिष्ट्रेशन शुल्कको अन्तरिम प्रशासन:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख भए तापनि अर्को व्यवस्था नभएसम्म नेपाल सरकारको आर्थिक ऐन, २०७५ को दफा २५ को व्यवस्था बमोजिम नेपाल सरकारको तोकिएको कार्यालयले यस ऐनले निर्धारण गरे बमोजिमको दर अनुसारको कर तथा शुल्क संकलन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन भएको सवारी साधन कर प्रदेश विभाज्य कोष खातामा र घरजग्गा रजिष्ट्रेशन शुल्कको साठी प्रतिशत सम्बन्धित स्थानीय सञ्चित कोषमा र चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

१२. **विभाज्य कोषको रकम बाँडफाँड सम्बन्धमा:** (१) प्रदेश विभाज्य कोष खातामा जम्मा भएको राजस्व रकम तोकिएको दरमा विभाजन गरी प्रदेशको हिस्सा प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ भने स्थानीय तहको हिस्सा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले तोकेको ढाँचा र आधार बमोजिम सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको राजस्व बाँडफाँड प्रदेश लेखा नियन्त्रक कार्यालय वा आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको निकायले मासिक रुपमा गर्नेछ ।

१३. **दर घटाउन, बढाउन वा छुट दिन सक्ने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क र



प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

१४. <u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः</u> यस ऐनको कार्यान्वयनको क्रममा हड्ताल, दैवी प्रकोप, प्राकृतिक विपत्तिको कारणले उल्लेखित ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

१५. <u>निर्देशिका बनाउन सक्नेः</u> यो ऐनको अधिनमा रही आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ ।

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

अनुसूची-१
(दफा २ संग सम्बन्धित)

**रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर**

क. घर जग्गा रजिष्ट्रेशन दस्तुर:

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | **राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत** | | | | |
| (क) | राजिनामा, सट्टापट्टा, र सगोलनामाको लिखतको थैली अंकमा | ५.५% | ५% | ४.५% | २.२५% |
| (ख) | सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | ५% | ४% | ३% | २% |
| (ग) | सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ५.५% | ५% | ४.५% | २.५% |
| २. | **छोडपत्र** | | | | |
| (क) | दर्ताफारी (संयुक्त दर्तावाला बीचको) लिखितको थैली अङ्कमा | २.७५% | २.२५% | २.२५% | १% |
| ३. | **हालैदेखिको वकसपत्रको लिखत:**<br>हालैदेखिको वकसपत्रको लिखतको थैली अंकमा | | | | |
| (क) | बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाईवुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाई, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका, काकी, मामा, माइज्यू, भाञ्जा, भाञ्जी, ठूलो-बुवा, ठूली आमा (बाबु तर्फका), आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू र भदा भदै बीच । | | | | |
| | (अ) रु.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | १% | ०.५% |
| | (आ) रु.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.७५% | २.२५% | २.२५% | १.२५% |
| (ख) | अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा | १५% | १५% | १५% | १०% |
| | **स्पष्टीकरण:**<br>सरकारी विश्व विद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका कार्यालय, स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै दस्तुर लाग्ने छैन । | | | | |
| ४. | **अंशवण्डा तथा अंश भपाईको लिखत**<br>अंशवण्डा तथा अंश भपाईको लिखतमा | | | | |
| (क) | रु.३० लाखसम्मको थैली अङ्कमा | ०.२% | ०.२% | ०.२% | ०.२% |
| (ख) | रु.३० लाख भन्दा वढी रु. १ करोडसम्मको थैली अङ्कमा | ०.३% | ०.३% | ०.३% | ०.३% |
| (ग) | रु.१ करोड भन्दा वढी रु. २ करोडसम्मको थैली अङ्कमा | ०.४% | ०.४% | ०.४% | ०.४% |
| (घ) | रु. २ करोड भन्दा माथिको थैली अङ्कमा | ०.६% | ०.६% | ०.६% | ०.६% |
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** | | | | |
| (क) | मानो छुट्टिएको प्रति लिखत | रु.१२,०००। | रु.११,०००। | रु.१०,०००। | रु.५,०००। |
| (ख) | मानो जोडिएको प्रति लिखत | रु.१५,०००। | रु.१२,०००। | रु.१०,०००। | रु.५,०००। |
| ६. | **शेषपछिको वकसपत्रको लिखत**<br>शेषपछिको वकसपत्र/अष्टलोहको प्रतिलिखत | | | | |
| (क) | तीन पुस्ताभित्रको | रु.७,०००। | रु.६,०००। | रु.५,०००। | रु.२,०००। |
| (ख) | तीन पुस्ताबाहिरको | रु.१४,०००। | रु.१२,०००। | रु.१०,०००। | रु.४,०००। |
| ७. | **बन्धकीको लिखत** | १.५% | १.५% | १.५% | १.२५% |



प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | दृष्टिबन्धकी, भोगबन्धकी, र लखबन्धकीको लिखतको थैली अंकमा | | | | |
| ८. | **धर्मपुत्र, धर्मपुत्रीको लिखत**<br>धर्मपुत्र, धर्मपुत्रीको प्रति लिखतमा | | | | |
| (क) | तीनपुस्ता भित्रको नातामा | रु.१,०००। | रु.१,०००। | रु.१,०००। | रु.१,०००। |
| (ख) | तीनपुस्ता बाहिरकोमा | रु ७,०००। | रु.६,०००। | रु.५,०००। | रु.४,०००। |
| ९. | **अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत**<br>अधिकारनामा, मंजुरीनामा र अख्तियारनामाको लिखत | रु ४,०००। | रु.४,०००। | रु.४,०००। | रु.२,०००। |
| १०. | **कपाली तमसुक र करारनामाको लिखत**<br>दाखील खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १.५% | १.५% | १.५% | १.२५% |

ख. सेवा शुल्क:

| सि नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | **लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क**<br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुर : | | | | |
| (क) | तराई क्षेत्रमा | रु.२५,०००। | रु.२०,०००। | रु.१५,०००। | रु.७,०००। |
| (ख) | अन्य क्षेत्रमा | रु.२५,०००। | रु.१५,०००। | रु.१०,०००। | रु.६,०००। |
| २. | **वित्तीय धितो**<br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्था एवं अन्य संस्थाहरुले दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | |
| (क) | रु. १,००,०००।- सम्मको लिखतको थैली अङ्कमा | रु.१०००। | रु.१०००। | रु.१०००। | रु.१०००। |
| (ख) | रु. १,००,०००।- भन्दा बढी रु. ५,००,०००।- सम्मको थैली अङ्कमा | रु.१५००। | रु.१५००। | रु.१५००। | रु.१५००। |
| (ग) | रु. ५,००,०००।- भन्दा बढी रु.१०,००,०००।- सम्मको थैली अङ्कमा | रु.३०००। | रु.३०००। | रु.३०००। | रु.३०००। |
| (घ) | रु.१०,००,०००।- भन्दा बढी रु.२०,००,०००।- सम्मको थैली अङ्कमा | रु.३,५००। | रु.३,५००। | रु.३,५००। | रु.३,५००। |
| (ङ) | रु.२०,००,०००।- भन्दा बढी रु.५०,००,०००।- सम्मको थैली अङ्कमा | रु.१०,०००। | रु.१०,०००। | रु.८,०००। | रु.७,०००। |
| (च) | रु. ५०,००,०००।- भन्दा बढी रु. १,००,००,०००।- सम्मको थैली अङ्कमा | रु.३५,०००। | रु.३२,०००। | रु.३०,०००। | रु.२७,०००। |
| (छ) | रु १,००,००,०००।- भन्दा बढी रु.२,००,००,०००।- सम्मको थैली अङ्कमा | रु.५०,०००। | रु.५०,०००। | रु. ५०,०००। | रु.४०,०००। |
| (ज) | रु २,००,००,०००।- भन्दा बढी रु.५,००,००,०००।- सम्मको थैलीमा अङ्कमा | रु.८५,०००। | रु.८५,०००। | रु.८५,०००। | रु.८०,०००। |
| (झ) | रु ५,००,००,०००।- भन्दा बढी रु.२०,००,००,०००।- सम्मको थैलीमा अङ्कमा | रु.१५००००। | रु.१५००००। | रु.१५००००। | रु.१४००००। |
| (ञ) | रु.२०,००,००,००० भन्दा बढी जतिसुकै थैली अङ्कमा | रु.२०००००। | रु.२०००००। | रु.२०००००। | रु.२०००००। |
| ३. | लीज<br>सरकारी जग्गा लिजमा उपलब्ध गराउने: | | | | |

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

| सि नं | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| | *सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची- १ अनुसारको दस्तुर लाग्नेछ ।* | | | | |
| ४. | **जग्गाधनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा** | | | | |
| (क) | तराई क्षेत्र | रु.१,०००। | रु.७००। | रु.५००। | रु.२००। |
| (ख) | अन्य क्षेत्र | रु.१,०००। | रु.५००। | रु.३००। | रु.१००। |
| | *नोट: जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिँदा समेत लागु हुनेछ ।* | | | | |
| ५. | **दाखिल खारेज शुल्क** | | | | |
| (क) | करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५.५% | ५% | ४.५% | २.२५% |
| (ख) | अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारिज गर्दा | ३.२५% | २.७५% | २.२५% | १% |
| (ग) | बैंक वित्तिय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ५.५% | ५% | ४.५% | २.२५% |
| (घ) | बैंक वित्तीय संघ वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैक वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाउमा दाखिल खारेज गर्दा प्रति मिसिल | रु.९,०००। | रु.८,०००। | रु.७०००। | रु.४०००। |
| (ङ) | बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | (१) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँड भई दा.खा. हुन आँउदा प्रति मिसिल | रु.५००। | रु.४००। | रु.३००। | रु.२००। |
| | (२) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.५०००। | रु.३०००। | रु.१०००। | रु.५००। |
| (च) | शेषपछिको वकसपत्रको दाखिल खारेज | | | | |
| | (अ) तीनपुस्ता भित्रको भए | सबै क्षेत्रका लागि अंशबण्डा सरह | | | |
| | (आ) तीनपुस्ता बाहिरको भए (थैली अंक)मा | सबै क्षेत्रका लागि राजीनामा सरह | | | |
| ६. | नामसारी – (क)तीन पुस्ता भित्रको नामसारी गर्दा | रु.१,५००। | रु १,२००। | रु १,०००। | रु.५००। |
| | (ख)तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रु ४०००। | रु ३५००। | रु ३५००। | रु.२०००। |
| ७. | हाल साविक – पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.५००। | रु.४००। | रु.३००। | रु.१००। |
| ८. | कायम – श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.३,०००। | रु.२,५००। | रु.२,५००। | रु.१०००। |

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

| सि नं | विवरण | | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|---|
| | | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| ९. | संशोधन दस्तुर | मालपोत ऐन २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रु. ४००। | रु.३००। | रु.२००। | रु.१००। |
| १० | रोक्का दस्तुरः | **क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि)** | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | | **ख) लिखत रजिष्ट्रेशन नहुनेमा** (अ) रु.१,००,०००। सम्मको ऋण अङ्कमा | रु.५००। | रु. ४००। | रु.३००। | रु.२००। |
| | | (आ) रु. १,००,०००। भन्दा बढी रु.५,००,०००। सम्म | रु.८००। | रु.७००। | रु.५००। | रु.३००। |
| | | (इ) रु. ५ लाख भन्दा बढी जतिसुकै ऋण अकमा | रु.१०००। | रु.८००। | रु.७००। | रु.५००। |
| | | (ई) ऋण अङ्क नखुलेकोमा | रु.५०००। | रु. ४०००। | रु.३०००। | रु.२०००। |

ग. विविधः

| | |
|---|---|
| १. | धर्मपुत्र, अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंक अनिवार्य खुलाउनु पर्नेछ। |
| २. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा **पचहत्तर प्रतिशत** छुट हुनेछ । तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही **रकम बराबर जरिवाना** गर्नु पर्नेछ । |
| ३. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा **पचहत्तर प्रतिशत छुट** हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ४. | सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा **पचास प्रतिशत छुट** हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ५. | (क) कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा सर्तबमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ । तर सेवा शुल्क रु. १०००।- लाग्नेछ । |
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलब्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ । तर सेवा शुल्क रु. ५००।- लाग्नेछ । |
| ६. | (क) सहकारी ऐन, २०४८ बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु बिच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रुपैयाँसम्मको थैली अंकमा रोक्का दस्तुर बाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अंकमा खण्ड **ख. सेवा शुल्क** महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्ने छ । |
| | (ख) बैंकिङ्ग तथा वित्तिय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर लाग्ने छैन । |
| ७. | जनआन्दोलन पहिलो, दोश्रो र मधेश आन्दोलमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारीत हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रूपमा छुट हुनेछ । |
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित एंव पिछडिएका जाती भनी स्थानीय निकायबाट प्रमाणित भएको सिफारिस वा अधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन दस्तुरमा **पच्चीस प्रतिशत छुट** हुनेछ । |
| ९. | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरि पारित-हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ । तर एकल महिलाको हकमा भने **पैंतिस प्रतिशत छुट** हुनेछ ।<br>बझाङ, बाजुरा, अछाम र दार्चुला जिल्लाका सदरमुकाम बाहेकका साविकका गाउँ विकास समितिको हकमा ५०% छुट हुनेछ । |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुबैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रु.१००।- मात्र रजिष्ट्रेशन दस्तुर लाग्नेछ । |



प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

| | |
|---|---|
| | (ग) १०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरको लिखतमा **५०% छुट** दिइनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| १०. | भूमिहिन मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरीद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रूपमा छुट हुनेछ । |
| ११. | बैंक, वित्तिय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि तोकिएको कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तिय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ । |
| १२. | प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउमा निशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ । |
| १३. | यो ऐन लागू हुंदाका बखत नेपाल सरकारबाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन दस्तुर र सेवा शुल्क लाग्नेछ । |
| १४. | सहकारी ऐनको दफा ५ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, सहकारी विभागको सिफारिसमा लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रुपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन दस्तुर छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्रि गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन दस्तुर असूल उपर गरिनेछ । |
| १५. | विविधको क्रमसंख्या ८, ९, १० र ११ बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ । |
| १६. | एउटै कारोबारबाट ५० लाख रुपैयां वा सोभन्दा माथिको घर वा जग्गा खरीद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ । |
| १७. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन दस्तुर छुट दिईनेछ । |
| १८. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ । |
| १९. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन । |
| २०. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको कुनै निकायलाई नि:शुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको वा कुनै पनि निकायले खरीद गरी लिएमा सोमा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन । |
| २१. | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरीद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिइनेछ । |
| २२. | यस ऐनको विभिन्न दफाहरुमा नगरपालिका भनी उल्लेख गरिएको भए तापनि सो शब्दले उप महानगरपालिका तथा महानगरपालिका समेतलाई जनाउनेछ । |

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

अनुसूची -२
(दफा ३ संग सम्बन्धित)
**सवारी साधन कर**

(क) सवारी साधन कर

| | |
|---|---|
| **१. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :-** | |
| सवारीको किसिम | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर** |
| (अ) १००० सी.सी सम्म | रु. २१,०००/- |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रु. २३,०००/- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २५,०००/- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु. ३८,०००/- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ४५,०००/- |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु. ६५,०००/- |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर** | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ४०,०००/- |
| (आ) मिनीटिपर | रु. ३०,०००/- |
| **(ग) ट्रेक्टर र पावर टिलर** | |
| (अ) ट्रेक्टर | रु.५,०००/- |
| (आ) पावर टिलर | रु.३,५००/- |
| **(घ) मिनिट्रक/मिनिबस** | रु.२७,०००/- |
| **(ङ) ट्रक/बस** | रु.३५,०००/- |
| **(च) मोटर साइकल** | |
| (अ) १२५ सी.सी. सम्मको | रु.२,५००/- |
| (आ) १२६ देखि १५० सी.सी. सम्म | रु.४,०००/- |
| (आ) १५१ देखि २५० सी.सी. सम्म | रु.८,०००/- |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु.१६,०००/- |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रु.३०,०००/- |
| **२. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :-** | |
| सवारीको किसिम | |
| **(क) कार, जिप, भ्यान, माइक्रो बस** | **वार्षिक कर दर** |
| (अ) १३०० सी.सी.सम्म | रु.१०,०००/- |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.१२,०००/- |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु.१४,०००/- |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु.१६,०००/- |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | रु.२०,०००/- |
| **(ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण** | रु.२५,०००/- |
| **(ग) ट्रेक्टर** | रु.३,०००/- |
| **(घ) पावर टिलर** | रु.२,५००/- |
| **(ङ) मिनीट्रक, मिनीबस** | रु.१५,०००/- |
| **(च) मिनी ट्रिपर** | रु.१७,०००/- |
| **(छ) ट्रक, बस** | रु.२०,०००/- |

| | |
|---|---|
| ३. | तपसीलमा उल्लेख भएका सवारी साधनहरूलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ :-<br>(क) नेपाल सरकार, प्रदेश सरकारको नाउँमा दर्ता भएका,<br>(ख) गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको नाउँमा दर्ता भएका |
| ४. | बिद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |
| ५. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ । तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी प्रदेश सरकारले ठहऱ्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७ | उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको अधिकतम कर रकमभन्दा बढी हुने छैन । |
| ८. | **भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थीलाई सहुलियतको रूपमा भाडामा छुट दिएबापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् ।** |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रूपमा पाँच बर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा पन्ध्र प्रतिशत छुट हुनेछ । |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ११. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |



प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

| | |
|---|---|
| १२. | बीस लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १३. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कुटरमा सवारी साधन कर  लाग्ने छैन । |
| १४. | प्रदेशमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई प्रदेशमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ ।<br>तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरूलाई दिइने छैन । |
| १५. | सार्वजनिक यातायातका रूपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले संचालन गर्ने सार्वजनिक बसहरूले तिर्ने सवारी साधन करमा **पच्चीस प्रतिशत छुट** दिईनेछ । |
| १६. | ढुवानी कार्य संचालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरूले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरूले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिईनेछ । |
| १७. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |

अनुसूची -३
(दफा ४ संग सम्बन्धित)
**मनोरञ्जन कर**

| सि.नं. | विवरण | मनोरञ्जन करको दर |
| --- | --- | --- |
| १ | चलचित्र प्रदर्शन गर्दा प्रति टिकट | ५% |
| २. | कन्सर्ट, नाटकघर, भिडियो घर, थियटर, स्वीमिङ पुल, पार्क, फनपार्कमा प्रति टिकट | ५% |
| ३. | मेला महोत्सव, सांस्कृतिक प्रदर्शन, खेलकुद प्रतियोगितामा प्रति टिकट | ५% |
| ४. | डिजिटल तथा एनालग टेलिभिजनको जडानमा प्रति ग्राहक | रु २००।- |

अनुसूची - ४
(दफा ६ सँग सम्बन्धित)
कृषि आयमा कर

| १. कृषि क्षेत्रबाट प्राप्त आयमा लाग्ने कर | | |
|---|---|---|
| | बार्षिक आयको वर्गीकरण | करको दर |
| (क) | कूल आय रु. १०,००,००० सम्म | कर नलाग्ने |
| (ख) | कूल आय रु. १०,००,००१ देखि २०,००,००० सम्म | रु ५०००।- |
| (ग) | कूल आय रु. २०,००,००१ देखि ४०,००,००० सम्म | रु १००००।- |
| (घ) | कूल आय रु. ४०,००,००१ देखि १,००,००,००० सम्म | रु २५०००।- |
| (ङ) | कूल आय रु. १,००,००,००१ देखि ५,००,००,००० सम्म | कूल आयको १% |
| (च) | कूल आय रु. ५,००,००,००० भन्दा माथि | कूल आयको २% |

| २. बाँझो रहेको खेती योग्य जमिनमा लाग्ने कर (अब्बल र दोयम जग्गामा मात्र) | | |
|---|---|---|
| सि नं | बाँझो जमिनको क्षेत्रफल | बार्षिक करको दर |
| (क) | तराई क्षेत्रमा | |
| | अ० १० कठ्ठादेखि १ बिगाहा सम्म | रु १०००।- |
| | इ० १ बिगाहादेखि २ बिगाहा सम्म | रु २०००।- |
| | ई० २ बिगाहादेखि ५ बिगाहा सम्म | रु १००००।- |
| | उ० ५ बिगाहाभन्दा माथि | रु २५०००।- |
| (ख) | अन्य क्षेत्रमा | |
| | अ० १० रोपनीदेखि २० रोपनीसम्म | रु ५००।- |
| | आ० २० रोपनीदेखि ३० रोपनीसम्म | रु १०००।- |
| | इ० ३० रोपनीभन्दा माथि | रु २०००।- |

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

## अनुसूची - ५

(दफा ७ सँग सम्बन्धित)

**पर्यटन शुल्क**

१. विभिन्न पर्यटकिय स्थलहरुको प्रवेश शुल्कमा प्रतिटिकट दश प्रतिशतका दरले पर्यटन शुल्क असुल उपर गरिनेछ ।

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

अनुसूची - ६
(दफा ८ सँग सम्बन्धित)

**प्राकृतिक श्रोत कर**

| सि.नं. | विवरण | इकाई | न्यूनतम दर |
|---|---|---|---|
| १. | ढुंगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घनमिटर | रु. ७५।- |
| २. | माटो (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घनमिटर | रु.३०।- |

प्रदेश सभा
प्रदेश नं ७, धनगढी कैलाली
नेपाल

अनुसूची - ७
(दफा १० सँग सम्बन्धित)
<u>प्रदेश विकास शुल्क</u>

| सि.नं. | पूँजी | वार्षिक दर रु |
|---|---|---|
| | | |
| १. | रु १ लाख सम्म | ५००।- |
| २ | रु १ लाख देखि ३ लाख सम्म | २०००।- |
| ३. | रु ३ लाख देखि ५ लाख सम्म | ३५००।- |
| ४. | रु ५ लाख देखि १० लाख सम्म | ७०००।- |
| ५ | रु १० लाख देखि २५ लाख सम्म | १२०००।- |
| ६ | रु २५ लाख देखि ५० लाख सम्म | १५०००।- |
| ७ | रु ५० लाख देखि १ करोड सम्म | २००००।- |
| ८ | रु १ करोड भन्दा माथि | २५०००।- |
| *द्रष्टव्यः मदिराजन्य तथा सुर्तिजन्य उद्योग, वातावरणीय जोखिम उच्च हुने ईट्टा तथा क्रसर उद्योग र मदिराजन्य कारोबार गर्ने होटल तथा रेष्टुरेण्टहरु मा माथि तोकिएको शुल्कमा थप ५० प्रतिशत अतिरिक्त शुल्क लाग्नेछ ।* | | |

प्रदेश सभाको सम्वत् २०७५ साल आषाढ महिना १६ गते शनीबारका दिन बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको हुँदा नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु ।

प्रदेश सभा प्रदेश नं ७, धनगढी कैलाली नेपाल

..............................
मा. अर्जुन बहादुर थापा
माननीय सभामुख
प्रदेश सभा
मितिः- २०७५।०३।१६

प्रदेश नं. ७ प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणिकरण गर्दछु ।

मोहन राज मल्ल
..............................
मा. मोहन राज मल्ल
प्रदेश प्रमुख

मितिः- २०७५।०३।२६